लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र, कपिलवस्तु

सूचना नम्बरः १४/२०८३-८४ **प्रथम पटक प्रकाशित मितिः २०८३।०७।१९**

विषयः कार्यक्रम सञ्चालनका लागि आवेदन (प्रस्तावना) पेस गर्ने सम्बन्धी सूचना।

यस केन्द्रको चालू आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय अनुसारको कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशन भएको मितिले २७ दिन भित्र (मिति २०८३।०८।१५ गते सम्म) यस केन्द्रमा कार्यालय समय भित्र तपसिलमा उल्लिखित कागजातहरू सहित निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेस गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयबाट वा कार्यालयको वेबसाइट www.akckapilvastu.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ। रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुने छैन। थप जानकारीका लागि कार्यालयको फोन नम्बर ०७६५६००६३ मा सम्पर्क गर्न सकिने छ।

कार्यक्रम सञ्चालन हुने क्षेत्र/स्थानः कपिलवस्तु नगरपालिका भरी

कार्यक्रम/क्रियाकलाप	सञ्चालन गर्न सकिने क्रियाकलापहरू	न्यूनतम मापदण्ड	खर्चको सीमा
धान उत्पादन प्रवर्द्धन कार्यक्रम (कपिलवस्तु नपा/कालानमक धान उत्पादन, प्रशोधन तथा बजारीकरण)	• बीउ तथा अन्य उत्पादन सामाग्री सहयोग, क्षमता अभिवृद्धि, • बाली संरक्षण र प्राविधिक सेवा • प्रशोधन, प्याकेजिङ तथा बजारीकरण सामाग्रीमा सहयोग।	• सम्बन्धित स्थानीय तहको समन्वयमा कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी छनोट गर्नुपर्ने, • क्लस्टर एप्रोचमा क्षेत्रफल विस्तार गर्नुपर्ने। • कम्तीमा १ हे. क्लस्टरमा हुनुपर्ने।	• उत्पादन सामग्री, प्रशोधन, बजारीकरण सामग्री, यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत अनुदान।

संलग्न गर्नु पर्ने कागजातहरू

१. प्रस्तावको निवेदन ।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट पश्चात् पेस गर्न सकिने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्य-योजना सहितको प्रस्ताव।
६. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समूह/सहकारी/संस्थाको हकमा मात्र)।
७. प्रस्ताव पेस गर्नेको नागरिकताको प्रतिलिपि।
८. किसान सूचीकरण प्रणालीमा दर्ता भएको दर्ता नम्बर र कृषि शाखाको सिफारिस पत्र।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०. जग्गा धनीको गत आर्थिक वर्षमा जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपि वा जग्गा धनी प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।

२०८३/६/१९
घनश्याम चौधरी
प्रमुख (अधिकृत स्तर दशौं)